दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



## पात–पतिङ्गर व्यवस्थापन :

# डढेलो नियन्त्रण र आर्थिक उपार्जनको माध्यम

अर्घाखाँचीमा मात्रै वार्षिक औसत २ लाख १९ हजार मेट्रिक टन सुकेका पात पतिङ्गर संकलन हुने र त्यसबाट करिब ३० करोड मूल्य बराबर ६५ हजार मेट्रिक टन प्रांगारिक मल उत्पादन हुने अनुमान छ।

**टिआर शर्मा**
*बुटवल*

गर्मी मौसममा आगलागीका घटनाले सताउने अर्घाखाँची जिल्लाका वनमा यो वर्ष त्यति धेरै आगलागीका घटना भएनन् । जनधनको क्षति पनि खासै भएन । यसको कारण थियो- वनजंगलका पात-पतिङ्गर संकलन तथा व्यवस्थापन । वनमा सुकेका पात-पतिङ्गर जम्मा हुँदा आगलागी हुने र धेरै तिर फैलिने समस्या हुन्थ्यो । तर यसपटक वनमा त्यत्तिकै खेर जाने र आगलागीको एउटा कारण हुने पात पतिङ्गरलाई स्थानीयले संकलन गरेर प्राङ्गारिक मल उत्पादन गर्न थालेपछि आगलागीका घटनामा कमी मात्र आएन, वातावरणीय सन्तुलनसँगै आर्थिक उपार्जनको नयाँ सम्भावना देखिएको छ ।

जिल्लाका ४० वटा शून्यकोष भएका सामुदायिक वन समूहहरूमा डिभिजन वन कार्यालयले ४ लाख रुपैयाँ बजेट विनियोजन गरी पात-पतिङ्गर संकलन गराएको डिभिजन वन कार्यालय अर्घाखाँचीका सहायक वन अधिकृत एवं सूचना अधिकारी केशव खड्काले बताए । साथै, २९ वटा खोटो संकलन गर्ने समूहहरूमा कामदार तथा उपभोक्ताहरूको समेत सहभागितामा खोटो संकलन गरिएको छ ।

फागुनदेखि जेठ महिनासम्म बाँकी कोष भएका सामुदायिक वनहरूमा वन डढेलो रोकथामका लागि १० जनासम्मको वन डढेलो दस्ता गठन गरी दैनिक पात-पतिङ्गर संकलन कार्य भइरहेको छ । जिल्लाका ७३ प्रतिशत वन समूहहरूले पातपतिङ्गर व्यवस्थापन प्रभावकारी रूपमा कार्यान्वयन गरेका खड्काले बताए ।

शीतगंगा नगरपालिकाको पावर सामुदायिक वनमा प्राङ्गारिक मल उत्पादनका लागि पातपतिङ्गर आधारित उद्यम स्थापना गरिएको छ । पावर सामुदायिक वनको लागत साझेदारीमा स्थापना गरिएको उक्त प्लान्टमा मेसिन खरिद तथा जडानमा ८ लाख रुपैयाँ खर्च गरिएको छ । वनक्षेत्रबाट पातपतिङ्गर संकलन गरी मेसिनस्थलसम्म ल्याउन पाँचवटा समूहलाई ८० हजार रुपैयाँ अनुदान प्रदान गरिएको सूचना अधिकारी खड्काले बताए ।

'मेसिनमार्फत् पातपतिङ्गरलाई धुलो बनाई पोखरीमा १५ दिनसम्म कुहाउने र त्यसपछि ग्रेडिङ मेसिनबाट छुट्याएर प्याकेजिङ गरी प्रांगारिक मल बनाइन्छ,' खड्काले भने-'यसले पातपतिङ्गरका कारण गर्मी मौसममा हुने आगलागीका घटनामा धेरै हदसम्म कमी आएको छ, वातावरणीय सफाइ मात्र नभई आर्थिक लाभको समेत ढोका खोल्ने अपेक्षा गरिएको छ ।'

उद्यम सञ्चालनका लागि २ जना प्राविधिक जनशक्ति आवश्यक पर्ने र पातपतिङ्गर संकलनमा ठूलो संख्यामा स्थानीय संलग्न हुँदा रोजगारी समेत सिर्जना हुने डिभिजन वन अधिकृत मोहनप्रसाद श्रेष्ठले बताए । 'पातपतिङ्गरबाट उत्पादन भएको मल उपभोक्ताहरूलाई कम लागतमा बिक्री गर्ने योजना छ, जसले उत्पादन वृद्धि भई किसानहरूलाई समेत लाभ पुग्ने विश्वास गरिएको छ ।'- उनले भने ।



अर्घाखाँचीमा ७३ हजार २०७ हेक्टर वन क्षेत्र छ । जसमा सामुदायिक वनको क्षेत्रफल ३४ हजार ३४२ हेक्टर वन क्षेत्र छ । जिल्लामा ४६६ वटा वन समूह छन् । ६ वटा स्थानीय तहमध्ये शितगंगा नगरपालिकामा सबैभन्दा धेरै ४७ हजार ३६४ हेक्टर वन क्षेत्र छ । सबैभन्दा कम मालारानी गाउँपालिकामा २ हजार ८ सय ७०.३१ हेक्टर छ ।

अर्घाखाँचीको यो नौलो अभ्यासलाई देखेर प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत पात पतिङ्गर संकलन गरेर प्रांगारिक मल उत्पादन गर्ने उल्लेख गरिएको छ ।

पातपतिङ्गर व्यवस्थापन गर्दा प्राप्त हुने फाइदाबाट स्थानीय उपभोक्ताहरू उत्साहित भएका र वन डढेलोको जोखिम समेत उल्लेख्य रूपमा घटेको डिभिजन वन अधिकृत श्रेष्ठले बताए ।

'वातावरणीय सन्तुलन, स्वच्छता र आयआर्जनमा योगदान पुऱ्याउने यो पहललाई नमूनाका रूपमा जिल्लाभर अघि बढाउने तयारी छ,' श्रेष्ठले भने-'अर्घाखाँचीमा मात्रै वार्षिक औसत २ लाख १९ हजार मेट्रिक टन पातपतिङ्गर संकलन हुने र त्यसबाट करिब ३० करोड मूल्य बराबरको ६५ हजार मेट्रिक टन प्रांगारिक मल उत्पादन गर्न सकिने अनुमान छ ।'

वैज्ञानिक अध्ययन र वन व्यवस्थापन तथ्यांकअनुसार एक हेक्टर बाक्लो जंगलबाट प्रति वर्ष अधिकतम १० हजार र न्यूनतम ३ हजार मेट्रिक टन सुकेका पात पतिङ्गर संकलन हुन्छ ।

डिभिजन वन कार्यालय अर्घाखाँचीका अनुसारसन् २०००-२०२४ सम्मको २४ वर्षको अवधिमा जिल्लामा ३ हजार २ सय ९७ वटा डढेलोका घटना भएका थिए । जसमा ७५४९०.३२ हेक्टर वन जलेको थियो । डढेलोले सबैभन्दा बढी क्षति शीतगङ्गा नगरपालिकाको वनमा पुगेको थियो । २४ वर्षमा डढेलोले ७ हजार २४५३ हेक्टर वनमा क्षति पुऱ्याएको देखिन्छ ।

अधिकांश डढेलोहरू मानवीय स्वार्थ र लापरबाहीले लाग्ने गरेका छन् । ग्लोबल फायर मनिटरिंग सेन्टरकाअनुसार नेपालमा लाग्ने डढेलोहरू ५८ प्रतिशत जानाजानी वा स्वार्थवश, २२ प्रतिशत लापरबाही र २० प्रतिशत दुर्घटना वा प्राकृतिक कारणले हुने गरेका वन तथा वातावरण क्षेत्रका जानकार युवराज कंडेलले बताए । वनमा हुने डढेलो नियन्त्रणको एउटा प्रभावकारी माध्यम वन जंगलमा थुप्रिएर रहने पात पतिङ्गरको उचित व्यवस्थापन पनि हो । अर्थात् सुकेका पातपतिङ्गरलाई आगलागीको सिजन अगावै वनबाट हटाएर व्यवस्थापन गर्नु हो । 'वन ऐन २०७६ को दफा ४९(घ)ले वनमा आगो लगाउने वा आगलागी हुने कुनै कार्य गर्नुलाई कसुर मानेर यस्तो कसुर गर्नेलाई दफा ५० को उपदफा ४ ले क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ,' कानुनका अध्यापक समेत रहेका कंडेलले भने-'वन कार्यालयहरूले यो व्यवस्थालाई कडाइका साथ पालना गराउने हो भने वनमा आगो लगाउनेहरू निरुत्साहित हुनेछन् ।'

# एक सातादेखि बढ्दो भैरहवाको तापक्रम



**मोहम्मद हबिब**
*भैरहवा*

विगत केही दिनदेखि बढेको अत्यधिक गर्मीले भैरहवाको जनजीवन अस्तव्यस्त भएको छ । त्यसै पनि अन्य ठाउँभन्दा बढी नै गर्मी हुने ठाउँको रुपमा रहेको भैरहवामा तापक्रम बढ्दै जान थालेपछि जनजीवन थप कष्टकर बन्दै गएको हो ।

वायुमण्डलीय तापक्रममा वृद्धिसँगै सर्वसाधारणलाई घरबाहिर निस्किनसमेत समस्या उत्पन्न भएको छ । अत्यधिक गर्मीले बजार, शैक्षिक संस्था, सरकारी कामकाजका प्रभावित भएको छ भने सर्वसाधारणलाई घरबाहिर निस्किन समेत समस्या भएकोले दैनिक कार्यमा समेत प्रभावित बनेको छ । रुपन्देहीको सिद्धार्थनगरका निजी र केही समुदायिक विद्यालयमा बिदा दिइएको छ भने अन्य विद्यालयले पनि बिदाको योजना बनाइरहेका छन् ।

एक सातादेखि बढ्दै गएको तापक्रम मंगलबार भैरहवाको अधिकतम तापक्रम ४० डिग्री सेल्सियिस मापन गरिएको छ । मंगलबार दिनभरिको न्यूतनतम तापक्रम २९ देखि ३१ डिग्री रह्यो भने अधिकतम तापक्रम ३९ देखि ४१ डिग्राी मापन गरिएको कार्यालयले जानकारी दिएको छ ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्रका प्रमुख सुवास रिमालका अनुसार विगत एक सातादेखि यहाँको तापक्रम बढ्दो मापन गरिएको बताए । गत साता मंगलबार यहाँको अधिकतम तापक्रम ३५ डिग्री सेल्सियस मापन गरिएकोमा यो निरन्तर बढ्दो छ । बुधबार ३७, बिहीबार ३७, शुक्रबार ३७ दशमलव ५, शनिबार ३९, आइतबार ४०, सोमबार ४० र मंगलबार, पौने ६ बजेको मापन ३९ दशमलव ३ डिग्री भैरहवाको अधिकतम तापक्रम मापन गरिएको कार्यालय प्रमुख रिमालले जानकारी दिए । भैरहवाको मंगलबारको तापक्रम यो साताकै उच्च हो ।

जल तथा मौसम विज्ञान कार्यालय भैरहवाका प्रमुख वरिष्ठ मौसमविद बरुण पौडेलले मनसुन अहिले १५ दिन अगावै नेपाल आए पनि पश्चिमतर्फ आउन समय लागेको बताए । मनसुन कोशी प्रदेशमै सिमित छ, पश्चिम तिर मनसुन आउन नसक्नुको कारण पश्चिमी वायुको प्रभाव नै हो । मनसुन वायुलाई कमजोर बनाएकोले पूर्वी वायुले पश्चिमको हावा विस्थापित हुनुपर्थ्यो, त्यो हुन पाएन । यसले समग्र देशभरि नै गर्मी जस्तो भएको वरिष्ठ मौसमविद पौडेलले जनाए ।

बुधबार बेलुकाबाट केही तापक्रममा गिरावट आउने आँकलन छ । पहाडतिर पानी पर्ने र बादल लाग्ने अनुमान छ । मनसुन विस्तारै पश्चिम तिर आउँदै छ । गर्मी विस्तारै कम हुँदै जाने उनले बताए । विस्तारै मनसुनी पानीले तापक्रममा कमि आए पनि लगातारको झरी भने अहिले देखिएको छैन । केही मात्रामा वर्षा र मौसम बदली हुने उनले जनाए । बितेको हप्ताभन्दा यो हप्ताको मंगलबारसम्म गर्मी बढ्यो, अब केही सुधार बिहीबारबाट हुन्छ । जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाको तथ्याङ्कअनुसार भैरहवाको तापक्रम नेपालकै शीर्ष सूचीमै रहेको देखिएको छ । विभागको तथ्याङ्कअनुसार मंगलबार साँझ ५ बजेर ४५ मिनेटसम्म भैरहवाको अधिकतम तापक्रम ३९ दशमलव ३ मापन गरिएको छ भने नेपालगञ्ज, धनगढीको तापक्रम पनि देशकै उच्च मापन गरिएको छ । मंगलबारको मौसमअनुसार बुधबार पनि यही सरदरमा वा योभन्दा पनि बढी तापक्रम हुने पूर्वानुमान रहेको कार्यालयले जानकारी दिएको छ ।

अहिले ४० डिग्रीकै सरदरमा तापक्रम रहेकोले स्थानीयको जनजीवन नै अस्तव्यस्त बनेको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# स्नातक पढ्न किन परदेश ?

अध्ययनका लागि विदेश गएका नेपाली विद्यार्थीसँगै पछिल्लो १० महिनामा मुलुकबाट एक खर्ब १२ अर्ब ४४ करोड रुपैयाँ बाहिरिएको छ। नेपाल राष्ट्र बैंकका अनुसार, अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को सोही अवधिमा अध्ययन गर्न विदेश गएका नेपाली विद्यार्थीसँगै देशबाट एक खर्ब चार अर्ब २५ करोड रुपैयाँ बाहिरिएको थियो।

पछिल्ला केही वर्षयता अध्ययनका लागि विदेश जाने प्रवृत्ति ह्वात्तै बढेको छ। अहिले नेपाली विद्यार्थी अष्ट्रेलिया, अमेरिका, जापान, बेलायत, चीन र भारतलगायत विभिन्न मुलुकमा गइरहेका छन्। विदेशमा काम गर्दै पढ्न पाइने भएकाले विद्यार्थी कक्षा १२ उत्तीर्ण गरेपछि स्नातक पढ्न जानेहरु धेरै छन्। विदेशमा काम गर्दै पढ्न जाने विद्यार्थीका लागि जोखिम धेरै छ भन्ने हेक्का नहुँदा समस्यामा परेका छन्। काम गर्दै पढ्न पाइने भनिएपनि काम नपाइने समस्या चुलिँदो छ। अष्ट्रेलिया, जापान, क्यानडामा विभिन्न मुलुकबाट अध्ययनका लागि विद्यार्थी धेरै पुगेपछि काम नपाएर समस्यामा परेका छन्। नेपालबाट गएका धेरै विद्यार्थी खर्च चलाउन नसकेर विचल्लीमा परेका समाचार सार्वजनिक भइरहेका छन्। अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि हप्तामा २० घण्टाभन्दा बढी काम गर्न नपाइने नियम पालनामा कडाइ गरेपछि धेरै विद्यार्थीको बिचल्ली भएको छ। जापानमा काम नपाएपछि लाखौँ खर्चेर पुगेका विद्यार्थीको पीडा सामाजिक सञ्जालमा छताछुल्ल भएको छ। काम गर्दै पढ्न पाइने आकर्षणले विदेश हानिएका धेरै विद्यार्थीको पढाई अस्तव्यस्त भएको छ। पढ्ने कि खर्च जुटाउन काम गर्ने ? उनीहरुमा देखिएको समस्या हो यो।

कक्षा १२ उत्तीर्ण गरेपछि विदेश जान हतार गर्ने विद्यार्थीको कमजोरी जति छ, अभिभावकको पनि उत्तिकै छ। अभिभावकले छोराछोरीलाई यही स्नातक गराएर स्नातकोत्तर पढ्न जानका लागि प्रेरित गर्न सकिरहेका छैनन्। मुलुकबाट वार्षिक  एक खर्च १२ अर्बभन्दा बढी पैसा बाहिरियो नै, युवा जनशक्ति पलायनले समाज खलबलिएको छ। रोजगारी र अध्ययनका लागि विदेश जाने प्रवृत्तिले समाजमा वृद्धवृद्धाको संख्या धेरै देखिन थालेको छ। यस्तो समस्या आउनुको कारण देशमा केही भएन भन्ने भाष्य निर्माण हुँदा हो।

स्वदेशमै संभावना छ, यही केही गर्न सकिन्छ भन्ने सम्भावना र आशाको दियो बाल्न आवश्यक छ। अध्ययन र त्यसपछिको अवसरका लागि मुलुकले तन्नेरी खोजीरहेको छ। बौद्धिक वर्गले समाजलाई त्यस दिशातिर निर्देशित गर्न ढिलाइ गर्न हुन्न।

# विपद् व्यवस्थापनमा तदारूकता





खगेन्द्र फुयाँल

*गत वर्षको मनसुनमा देशभरि ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भयो। असोज दोस्रो साता परेको अविरल वर्षाले देशको राजमार्गमा ठूलै क्षति पुर्‍यायो। काठमाडौँ उपत्यकाका नदी किनार आसपासका बस्ती डुबानमा परे। जापान सरकारको सहयोगमा बनेको बीपी राजमार्गको करिब १२ किलोमिटर सडक बगाउँदा देशलाई ठूलो क्षति भयो। खुर्कोटमा सिन्धुली-रामेछाप जोड्ने सुनकोशी नदीको पक्की पुल बगाउँदा दुई जिल्लाबिचको आवतजावत केही हप्ता अवरुद्ध भयो। दसैँको मुखमा राजमार्गमा समस्या हुँदा हजारौँ यात्रु वैकल्पिक मार्गमार्फत कष्टपूर्ण यात्रा गर्न बाध्य भए। यता मकवानपुरको कुलेखानी जलविद्युत् आयोजनाको भरिएको ड्याम खोल्दा कुलेखानी खोलामा आएको बाढीले सिस्नेरी बजारमा ठूलो क्षति पुर्‍यायो। बाढीले कुलेखानी सिस्नेरी सडकखण्डको केही भाग बगाउनुका साथै उक्त क्षेत्रमा प्रशिक्षणमा रहेका केही होनाहार युवा खेलाडीसमेत गुमाउनु पर्‍यो।*

बर्खायाम सुरु नहुँदै परेको पानीले नसोंचेको क्षति पुर्‍यायो। बैशाख २१ गतेको वर्षाले देशका राजमार्गमा अवरोध गर्‍यो। वर्षाले नारायणगढ-बुटवल सडकखण्ड, सूर्यविनायक-धुलिखेल सडकखण्ड र पृथ्वी राजमार्गअन्तर्गत तनहुँको म्याग्देलगायतका सडकखण्ड अवरुद्ध भएका थिए। त्यो दिनको वर्षाले कान्ति लोकपथसमेत केही समय रोकिएको थियो। त्यसै गरी वैशाख २९ गतेको वर्षाले काभ्रेको पनौतीमा एक जना महिलालाई बगाएर बेपत्ता बनायो। मौसम पूर्वानुमान महाशाखाका अनुसार बैशाख २९ गते काभ्रेपलाञ्चोक, गुल्मी, स्याङ्जालगायतका केही क्षेत्रमा भारी वर्षा भएको थियो। गुल्मीमा ५६.४ मिलिमिटर, स्याङ्जामा ५३ मिलिमिटर र काभ्रेमा छ घण्टामै ३९.६ मिलिमिटर वर्षा भएको थियो।

एक्कासि भएको ठूलो वर्षाले काभ्रेमा जनधनको क्षति हुन पुग्यो। गत वर्ष रोसी खोलामा आएको बाढीले बगाएको बीपी राजमार्गको डाइभर्सन बगाउँदा १८ घण्टाभन्दा धेरै समय सडक अवरुद्ध हुन पुग्यो। सडक अवरुद्ध हुँदा गन्तव्यमा हिँडेका हजारौँ यात्री मारमा परे। वर्षा सुरु नहुँदै सडकको दुरवस्थाले यस वर्ष पनि दसैँमा घर जानेबेला के हुने हो भन्नेतर्फ राजमार्ग प्रयोग गर्नेहरूमा चिन्ता बढ्न थालेको छ।  प्री मनसुनका बेला भएको मानवीय तथा भौतिक क्षति आजको समयमा अपत्यारिलो र लाजमर्दो विषय हो। प्राकृतिक प्रकोप रोक्न त सकिँदैन तर यसबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न भने पक्कै सकिन्छ। सम्भावित क्षति रोक्न ऋतु अनुसारको तयारी र व्यवस्थापन चुस्त दुरुस्त राख्नु पर्छ। सडक तथा अन्य भौतिक पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती र लापर्बाही नियन्त्रण गर्नु पर्छ।

नेपालमा जुन महिनाको १० देखि १५ को आसपास बङ्गालको खाडीमा विकास हुने मनसुन पूर्वी क्षेत्र हुँदै नेपाल प्रवेश गर्ने बताइन्छ। जुनदेखि सेप्टेम्बरसम्म चार महिना रहने मनसुनमा नेपालमा वार्षिक वर्षाको ८० प्रतिशत वर्षा यसै अवधिमा हुने मौसमविद्को भनाइ छ। जलवायु परिवर्तनको असर मनसुनमा पनि देखिएको छ। अधिक वर्षा र खण्डवृष्टि यसका उदाहरण हुन्। पृथ्वीको तापक्रम बढ्दै जानु, विभिन्न प्रजातिका जीवजन्तु तथा वृक्ष लोप हुँदै जानु, विभिन्न रोगका प्रकोप फैलनु पनि जलवायु परिवर्तनको परिणाम हो, भनिएको छ।

मनसुनले मानव, जीवजन्तु, कृषि, वातावरणलगायत समग्र पर्यावरणमा महत्वपूर्ण भूमिका खेल्छ। नेपालमा भौगोलिक अवस्थाले गर्दा मनसुनसँगै आउने बाढीपहिरो जस्ता प्राकृतिक विपत्तिको उच्च जोखिम रहेको छ। जसका कारण हरेक वर्ष नेपालमा मनसुनको समयमा ठूलो जनधनको क्षति हुने गर्छ।

गत वर्षको मनसुनमा देशभरि ठूलो मात्रामा मानवीय तथा भौतिक क्षति भयो। असोज दोस्रो साता परेको अविरल वर्षाले देशको राजमार्गमा ठूलै क्षति पुर्‍यायो। काठमाडौँ उपत्यकाका नदी किनार आसपासका बस्ती डुबानमा परे। जापान सरकारको सहयोगमा बनेको बीपी राजमार्गको करिब १२ किलोमिटर सडक बगाउँदा देशलाई ठूलो क्षति भयो। खुर्कोटमा सिन्धुली-रामेछाप जोड्ने सुनकोशी नदीको पक्की पुल बगाउँदा दुई जिल्लाबिचको आवतजावत केही हप्ता अवरुद्ध भयो। दसैँको मुखमा राजमार्गमा समस्या हुँदा हजारौँ यात्रु वैकल्पिक मार्गमार्फत कष्टपूर्ण यात्रा गर्न बाध्य भए। यता मकवानपुरको कुलेखानी जलविद्युत् आयोजनाको भरिएको ड्याम खोल्दा कुलेखानी खोलामा आएको बाढीले सिस्नेरी बजारमा ठूलो क्षति पुर्‍यायो। बाढीले कुलेखानी सिस्नेरी सडकखण्डको केही भाग बगाउनुका साथै उक्त क्षेत्रमा प्रशिक्षणमा रहेका केही होनाहार युवा खेलाडीसमेत गुमाउनु पर्‍यो।

**विपद् व्यवस्थापन**

नेपाल प्राकृतिक तथा भूबनोटका हिसाबले विभिन्न प्रकारका विपत्को उच्च जोखिममा रहेको देश हो। यहाँ भूकम्प, बाढीपहिरो, आगलागी, खडेरी, महामारी जस्ता प्राकृतिक विपद् आइपर्ने गरेका छन्। यस्ता विपत्मा जनधनको ठुलो क्षति हुनुका साथै सामाजिक, आर्थिक र वातावरणीय क्षेत्रमा समेत नकारात्मक असर पर्ने गरेको छ। विपद् व्यवस्थापन भन्नाले कुनै पनि विपत् आउनुअघि त्यसबाट हुने सम्भावित क्षति कम गर्न गरिने तयारी, विपद् आइसकेपछि गरिने उद्धार तथा राहत र पुनर्निर्माणसम्मको कार्यलाई बुझिन्छ। यसमा विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापना जस्ता कुरा पर्छन्। विपद्बाट हुने सम्भावित जोखिमलाई कम गर्न विभिन्न उपाय अवलम्बन गरिन्छ। जोखिम पहिचान गर्ने, जनचेतना अभिवृद्धि गर्ने, भूउपयोग योजना बनाउने, पूर्वाधार विकासमा ध्यान दिनु पर्छ। जलवायु परिवर्तन अनुकूलन कार्यका लागि प्रोत्साहन गर्न सकिन्छ। कमजोर भूबनोट भएका क्षेत्रमा बस्ती विकासलाई निरुत्साहित गर्ने, भूकम्पप्रतिरोधी संरचना निर्माणलाई जनचेतना अभिवृद्धि गर्न सकिन्छ। बाढीको जोखिम भएका क्षेत्रमा तटबन्ध निर्माण गरी जोखिम न्यूनीकरण गर्न सकिन्छ।

**पूर्वतयारी**

विपद्अघि त्यसको सामना गर्न गरिने तयारी नै विपद्को पूर्वतयारी हो। विभिन्न विपद्सम्बन्धी पूर्वसूचना प्रणालीको विकास गर्न सकिन्छ। उद्धार तथा राहत सामग्रीको व्यवस्थापन, स्वयंसेवकको तालिम, सुरक्षित स्थानको पहिचान र विपद् व्यवस्थापन योजना निर्माण जस्ता कार्य पर्छन्। प्रभावकारी पूर्वतयारीले विपद्को समयमा हुने क्षतिलाई धेरै हदसम्म कम गर्न मद्दत गर्छ। प्राकृतिक विपद्को क्षेत्रमा क्रियाशील सरकारी निकाय तथा गैरसरकारी संस्थालाई थप सशक्त बनाउँदै जनताप्रति उत्तरदायी बनाउनु पर्छ। विपद्पछि तत्कालै गरिने उद्धार, राहत र प्राथमिक उपचारका कार्य प्रतिकार्य अन्तर्गत पर्छन्। यस समयमा खोज तथा उद्धार टोलीको परिचालन, घाइतेको उपचार, खाद्यान्न, पानी, औषधि, आश्रयको व्यवस्थापन जस्ता कार्य प्राथमिकतामा पर्छन्। यस चरणमा छिटो एवं प्रभावकारी ढङ्गले मानवीय क्षति कम गर्न र थप क्षति हुनबाट जोगाउन मद्दत गर्छ।

**पुनर्निर्माण तथा पुनर्स्थापना**

विपद्पश्चात् प्रभावित भौतिक संरचना तथा समुदायलाई पुरानै अवस्थामा फर्काउने कार्य पुनर्निर्माण तथा पुनर्स्थापना हो। क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण, जीविकोपार्जनका अवसरको सिर्जना, सामाजिक तथा मनोवैज्ञानिक सहयोग प्रदान गर्ने जस्ता कार्य यसअन्तर्गत पर्छन्। जसले समुदायलाई आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका खेल्छ।

नेपालमा प्राकृतिक विपद् व्यवस्थापनका लागि धेरै प्रयास भए पनि थुप्रै चुनौती विद्यमान छन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार, आर्थिक समस्या, समन्वयको अभावलगायत पर्याप्त स्रोतसाधनको कमी जस्ता कारणले विपद् व्यवस्थापनलाई थप जटिल बनाएको छ। यस्ता चुनौतीको सामना गर्न र विपद् व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सरकार, गैरसरकारी संस्था, समुदाय र सरोकारवाला सबै पक्ष एक भई सहकार्य गर्नुको विकल्प छैन। विपद् जोखिम न्यूनीकरणका लागि दीर्घकालीन योजना बनाउनुपर्ने आवश्यकता देखिन्छ।  विपद् पूर्वतयारीलाई थप सुदृढ बनाउनु आवश्यक छ। गोपबाट

# नेप्से परिसूचकमा सुधार



काठमाडौँ। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कको सुधार देखिएको छ। नेप्से परिसूचक २५ दशमलव ०७ अङ्कले बढेर दुई हजार ६७८ दशमलव १७ को विन्दुमा कायम भएको हो।

३११ कम्पनीको दुई करोड ३६ लाख ९७ हजार १४५ कित्ता शेयर ८१ हजार ७३८ पटक खरिदबिक्री हुँदा रु १० अर्ब १६ करोड नौ लाख ८१ हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै वित्त समूह पाँच दशमलव १२ प्रतिशतले बढेको हो। बैङ्किङ शून्य दशमलव ९३, विकास बैङ्क शून्य दशमलव ७१, होटल तथा पर्यटन एक दशमलव २८, जलविद्युत् शून्य दशमलव ४६, लगानी शून्य दशमलव ६८ र  जीवन बिमा एक दशमलव ०८ प्रतिशतले बढेको हो।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव २५, लघुवित्त शून्य दशमलव ६१, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा एक दशमलव २६ व्यापार एक दशमलव ०७ र अन्य समूह एक दशमलव ५१ प्रतिशतले बढेको हो।

कारोबारमा प्युअर इनर्जी लिमिटेड र श्री इन्भेष्टमेन्ट फाइनान्स कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य छ दशमलव १४ प्रतिशतले घटेको छ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर रु ५८ करोड ४९ लाख ५३ हजार ८७१ बराबरको २६ लाख ३३ हजार ७२८ कित्ता किनबेच भएको छ।

**बेलपोखरी सामुदायिक वन उपभोक्ता समुह,**
**भूमिकास्थान न.पा. -६, खिल्जी, अर्घाखाँची**

**काठ दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/२/२८

यस सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई भूमिकास्थान न. पा.-६ मा घाटगद्दी गरी राखिएको खोटेसल्ला लगायत जातको २१६ थानको ६२१.५८ क्यू. फि. काठ जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचना पाटीमा डिभिजन वन कार्यालयम अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमिसुधार तथा मालपोत कार्यालय, परासी**
**नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**

**भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (व.सु.प.)बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ पैतीस) दिने सार्वजनिक सूचना।**

श्रीपालको नाति, तिर्थराज चौधरीको छोरा जिल्ला नबलपरसी (ब.सु.प.), साविक गा.वि. रामपुरवा वाई नं. १ हाल परिवर्तित पाल्हीनन्दन गाउँपालिका वडा नं. १ मा बस्ने वीरेन्द्र बहादुर चौधरीले रघुविरको नाति, श्रीपाल चौधरीको छोरा ऐजन ऐजन बस्ने मेरो ठूलो बाबु नाता पर्ने इन्दल चौधरीको नाउँमा दर्ता श्रेस्ता कायम रहेका जिल्ला नवलपरासी, साविक गा.वि.स रामपूर्व, वाड नं. १/क को कि.नं. ५३२ ज.वि. ०-४-० जग्गा रहेकोमा निज जग्गाधनी ठूलो बाबु इन्दल चौधरीको मिति २०५३/०९/२५ मा तथा निजको सबभन्दा नजिकको एकमात्र हकवाला पती एवम्, मेरी ठूली आमा चुल्हाई चौधरीको पनि मिति २०६६ /१० /२३ मा मृत्यु भइसकेको र निज दम्पतिको कुनै हकवाला छोराछोरीको जायजन्म नभएको तथा निज जग्गाधनी जीवित छदाँसम्म निजको पालनपोषण गर्ने, हेरचाह गर्ने, मृत्युपछिको काजकिरिया गर्ने तथा ऋणधन व्यहोर्ने सम्पूर्ण काम म निज मृतक ठूलो वावु इन्दल चौधरीको भतिजो वीरेन्द्र बहादुर चौधरी एक्लैले गरेको र उक्त जग्गाको जोतभोग समेत म स्वयंले नै गर्दै आइहेको हुँदा निज मृतकको नाउँको माथि उल्लेखित कित्ता जग्गा मेरो नाउँमा एकलौटी नामसारी गराइपाऊँ भनी यस भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सुःप.) मा दिएको माग दावी निवेदन सम्बन्धमा निवेदक वीरेन्द्र बहादुर चौधरी बाहेक मृतक जगगाधनी इन्दल चौधरीको अन्य कोही हकवालाहरू भए, वा निज मृतक जग्गाधनीलाई जीवित छदाँसम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस श्री भूमिसुधार तथा मालपोत कार्यालय नवलपरासी (ब.सु.प.), परासीमा हकदावीका लागि सम्पर्क गर्न आउन यो हकदावी सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सवैका लागि जारी गरिएको छ, अन्यथा नियामानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ जेठ २८, गते बुधबार
Wednesday June. 11, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


**एक सातादेखि ...**

बिहान सबेरैबाट सुरु हुने गर्मीले गर्दा खास गरी दैनिक ज्याला मजदुरी र खेती किसानी गर्नेहरु मारमा परेका छन् । गर्मीका कारण लू लाग्ने र बाटोमा मानिस बेहोस हुने जस्ता समस्यासमेत उत्पन्न भएको छ । अति आवश्यक काम बाहेकका बेलामा भने मानिसहरु घर बाहिर निस्कन छाडकोले संख्या पातलिएको छ ।

गर्मीको राहतका लागि विद्युत् एउटा सहारा भए पनि बेलाबेलामा जाने गरेको छ । भएको विद्युत्मा पनि लो बोल्टेज र ट्रिपिङको समस्या छ । औसतमा नियमित विद्युत् आपूर्ति नहुँदा बढ्दो गर्मीमा सर्वसधारण झनै पिरोलिएका छन् । गर्मी बढेसँगै अस्पतालमा बिरामीहरुको संख्या पनि बढेको छ । अस्पतालका अनुसार अहिले बढेको गर्मीका कारण बिरामीको संख्या सरदर भन्दा दोब्बर भएको छ । भाइरल ज्वरो, झाडापखाला, रुघाखोकी, पिसाब संक्रमण, जलवियोजनलगायतका बिरामीको संख्या बढ्दै गएको छ । बढि घाममा काम गर्दा, हिंड्दा, पर्याप्त पानी नखाँदा मानिसहरुमा हिट स्ट्रक जस्ता समस्या आउने गरेको छ ।

भैरहवाको भीम अस्पताल, मेडिकल कलेज, सिटी हस्पिटल र अन्य निजी अस्पतालमा पनि बिरामीको चाप बढेकोले चिकित्सकलाई भ्याइनभ्याइ छ । भीम अस्पतालका आकस्मिक कक्षमा पनि अन्य बेलाभन्दा दोब्बर बिरामी आउने गरेका छन् ।

गर्मीका कारण शरीरमा घमौरसहित अन्य समस्याहरु आउने भएकोले सकेसम्म घरबाहिर निस्कन नहुने स्वास्थ्य कार्यालय रुपन्देहीको सुझाव छ । निस्किहाल्नुपरेमा पातलो कपडा शरीर छोपिने गरी लगाउने र सक्दो पानी पिउने बाहिरी खुला रुपमा राखेका खाना नखाने, खाँदा र ताजा खाना खाने गर्मीले लू लाग्ने भएर मान्छे मुर्छित भएर उच्च रक्तचाप बढ्ने र मस्तिष्कघात, हृदयघात, पक्षाघातलगायतका रोग लाग्ने भएकोले सतर्कता अपनाउन स्वास्थ्य कार्यालयले अनुरोध गरेको छ ।

'बढेको गर्मीका कारण खुला आकाशमुनि काम गरेर छाकको जोहो गर्नेहरु यतिबेला आकुलव्याकुल छन् । भैरहवा बजारमा उखुको रस बेच्दै हिंडेका तारकेश्वरले व्यापार घटेको छ । अरू बेला मान्छेको ओहोरदोहर हुन्थ्यो बाटो हिंड्ने यसो रोकिएर जुस खान्थे । तर गर्मी बढेसँगै मान्छेको चहलपहल छैन व्यापार पनि छैन ।'-उनले भने ।

गर्मी बढेसँगै बजारमा मानिसहरुको चहलपहलको कमीका कारण व्यापार व्यवसायमासमेत कमी आएको छ । सधैं जसो भिडभाड हुने ठाउँ भैरहवाको गल्लामण्डी, बैंक रोड, आवारोड, मैत्री पथमा चहलपहल निकै कम छ । एसी, कुलर, टेबल पङ्खा, फ्रिजको बिक्री केही बढे पनि समग्र रुपमा आर्थिक करोबार भने न्यून रहेको व्यवसायीहरु बताउँछन् । धानको बिउ छर्ने तयारी र धान छरेका किसानहरु पनि गर्मी र मनसुनी वर्षाको पखाइमा छन् । पानी नपर्दा कृषक भने चिन्तित बन्न थालेका छन् । एकातिर मल नपाएर चिन्तित छन् भने जसो तसो गरेर धानको बिउ छरेको ब्याड गर्मीले सुक्छ भन्ने चिन्ता छ । खोला नालाहरुमा पानीको सतह निकै घटेको छ, धसिँचाइ गर्ने व्यवस्था पनि छैन । परपरबाट पम्पसेटबाट पानी चलाए पनि केही घण्टामै सुकेर कक्रक्क परेका छन् । गर्मी धेरै छ, वर्षा पनि भएको छैन, बिउ छरिएको खेत चिरा चिरा परेको छ, रोपाईंका लागि पानी कुर्नु पर्ने अवस्था रहेको किसान जितेन्द्र पासवान सुनाउँछन् ।

जेठ १३ गते भारतको आसामका केही भू-भागहरू तथा भुटान र बंगलादेशको पूर्व भू-भागहरूसम्म मनसुनको आगमन भएको थियो । नेपालको पूर्वी भू-भागबाट मनसुनको आगमन हुने सरदर मिति जुन १३ तारिख हो, तर यस वर्षको मनसुन आगमन सरदरभन्दा छिटो भयो । मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभागका अनुसार यस वर्षको मनसुन जेठ १५ गते बिहीबार रातीबाट नेपालको पूर्वबाट प्रवेश गरी कोशी प्रदेशका अधिकांश भू-भागमा विस्तार भएको छ । जसको फलस्वरुप कोशी प्रदेशका अधिकांश मौसम केन्द्रहरुमा हल्कादेखि मध्यम मनसुनी वर्षा भयो । नेपालमा मनसुन भित्रिने सरदर जुन १३ भए पनि यस वर्षको मनसुन सरदर मितिभन्दा १५ दिन छिटो नेपाल प्रवेश गरेको छ । नेपालका अन्य भू-भागहरूमा मनसुनको प्रभाव विस्तार हुन अझैं केही समयमा लाग्ने विभागको अनुमान छ । हाल देशको बाँकी भू-भागमा भने पश्चिमी वायु र स्थानीय वायुको प्रभाव यथावत रहेको देखिन्छ ।

विभागले मंगलबार बुलेटिन जारी गर्दै कोशी प्रदेश र लुम्बिनी प्रदेशलगायत देशको पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भू-भागमा मुख्यतया सफादेखि आंशिक बदली रहनेछ । कोशी प्रदेश र लुम्बिनी प्रदेशलगायत देशका पहाडी भू-भागका थोरै स्थानहरूमा मेघगर्जन/चट्याडसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ र । देशका उच्च-पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/ हिमपातको सम्भावना रहेको छ ।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।०१।२० गते सुनवल १ देखि बुटवल जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नामः** हिमाल कंवर योगी
**प्रस्तावकः** तिजा कंवर योगी
**ठेगाना :** सुनवल -१ नवलपरासी
**विमा लेख नम्बर :** २५११०५८२४
**मोबाइल नम्बर :** ९८२७७०९२५१

## भट्टराई सोप एण्ड केमिकल प्रा. लि. को उद्योग निर्माण तथा संचालन योजनाको वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशन मिति :२०८२/०२/२८**

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, सैनामैना नगरपालिका ११ मा भट्टराई सोप एण्ड केमिकलद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भट्टराई सोप एण्ड केमिकल, सैनामैना ११, रुपन्देही, ९८६७३०७५१८/९८५७०८३५१८, bhattaraishoapchemical@gmail.com |
| प्रस्तावकको व्यहोरा | भट्टराई सोप एण्ड केमिकल प्रा.लि.को उद्योग निर्माण तथा संचालन योजना |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./गा.पा. | रुपन्देही जिल्ला, सैनामैना ११ |

माथि उल्लिखित प्रस्तावको वातावारणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुनुवाई प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्रचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | भट्टराई सोप एण्ड केमिकल, सैनामैना ११, रुपन्देही, ९८६७३०७५१८/९८५७०८३५१८, bhattaraishoapchemical@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | ढल्पुरा इन्जिनियरिंग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि., बुटवल उपमहानगरपालिका-११, रुपन्देही, ९८६४९४३०२७/९८००७३०९६६, dhalpuraecc199@gmail.com |

# एडभान्स इन्टरनेसनल हस्पिटल प्रा.लि सिद्धार्थनगर ८, भैरहवाको विभिन्न पदमा दरखास्त आहवान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकासित मिति. २०८२।०२।२७

रुपन्देही जिल्लाको भैरहवामा अवस्थित यस एडभान्स इन्टरनेसनल हस्पिटल प्रा.लि सिद्धार्थनगर ८, भैरहवाले निकट भविश्यमै हेलिप्याड सहित अन्तराष्ट्रिय स्तरको सेवा सुविधा सहितको हस्पिटल संचालन गर्नका लागी योग्य इच्छुक अनुभबी व्यक्तिहरुको आवश्यकता परेकोले निम्न पदहरुमा दरखास्त आवहान गरीएको छ ।

| | | | |
|---|---|---|---|
| MD/MS/MCH Consultants | | | |
| 1 | General Physician (Medicine) | 5 | Consultants |
| 2 | General Surgeon | 2 | Consultants |
| 3 | Laparoscopic Surgeon | 2 | Consultants |
| 4 | Obstetrician and Gynecologist | 5 | Consultants |
| 5 | Pediatrician | 4 | Consultants |
| 6 | Anesthesiologist | 4 | Consultants |
| 7 | Orthopedic Surgeon | 4 | Consultants |
| 8 | MDGP (General Practitioner) | 1 | Consultants |
| 9 | Dental Surgeon | 2 | Consultants |
| 10 | Dermatologist & Venereologist | 2 | Consultants |
| 11 | Psychiatrist | 2 | Consultants |
| 12 | ENT Surgeon | 2 | Consultants |
| 13 | Radiologist | 5 | Consultants |
| 14 | Ophthalmologist | 1 | Consultants |
| 15 | Neonatologist | 1 | Consultants |
| 16 | Critical Care Physician | 1 | Consultants |
| 17 | Medico Legal Forensic | 1 | MD Forensic Medicine |
| 18 | Pathologist | 2 | MD Pathology |
| Total MD/MS Positions | | 46 | |
| MS/MCH /MD/DM Super Specialists | | | |
| SN | Position | No. of Vacancy | Remarks |
| 1 | Urologist | 1 | MS/MCH, MD/DM |
| 2 | Cardiologist | 4 | MS/MCH, MD/DM |
| 3 | Pulmonologist | 1 | MS/MCH, MD/DM |
| 4 | Neurosurgeon | 1 | MS/MCH, MD/DM |
| 5 | Gastroenterologist | 1 | MS/MCH, MD/DM |
| 6 | Nephrologist | 1 | MS/MCH, MD/DM |
| 7 | Medical Oncologist | 1 | MS/MCH, MD/DM |
| 8 | Plastic Surgeon | 1 | MS/MCH |
| Total MS/MCH Positions | | 11 | |
| Master's Degree (Age below 45 years) | | | |
| SN | Position | No. of Vacancy | Qualification |
| 1 | Matron (Nursing) | 1 | MN/MSc Nursing + 10 years exp in hospita field |
| 2 | Assistant Matron | 1 | MN/MSc Nursing + 5 years exp in hospital field |
| 3 | Pharmacy Manager | 1 | Master in Pharmacy |
| 4 | Clinical Pharmacist | 1 | Master in Pharmacy/ Pharma D |
| 5 | Microbiologist / Biochemist | 3 | MSC./BSC. in Microbiology/Biochemistry |
| 6 | Human Resource Manager | 1 | MBA + 10 years experience in hospital field |
| 7 | Hospital Manager | 1 | Master in Hospital Management , 5 Years exp |
| Total Master's Positions | | 9 | |
| Bachelor's Degree(Age below 40 years) | | | |
| SN | Position | No. of Vacancy | Qualification |
| 1 | Medical Officer | 36 | MBBS |
| 2 | Nursing Supervisor | 10 | BSc/PBN Nursing + 3-5 years exp. |
| 3 | Physiotherapist | 1 | BPT/MPT + 3 years exp. |
| 4 | Dietician | 1 | Bachelor in Dietician |
| 5 | Radiology Technologist | 3 | Bachelor in Radiology |
| 6 | Medical Recorder Officer | 1 | Bachelor/Equivalent |
| 7 | Biomedical Engineer | 1 | Bachelor/Equivalent |
| 8 | Public Health Officer | 1 | BPH/Equivalent |
| 9 | Pharmacy Officer | 6 | Bachelor in Pharmacy/Equivalent |
| 10 | Lab Technologist | 3 | BMLT/Equivalent |
| 11 | IT Officer | 2 | BSc IT/Equivalent |
| 12 | Human Resource Assistant | 3 | Bachelor/Equivalent |
| 13 | Procurement Officer | 1 | Bachelor BBA/BBS |
| 14 | Account Assistant | 4 | Bachelor/Equivalent |
| 15 | Administrative Assistant | 4 | Bachelor BBA/BBS |
| 16 | Receptionist | 6 | Bachelor BBA/BBS |
| 17 | Canteen Manager | 1 | Bachelor in Hotel Management , 2 Years Exp. |
| 18 | House Keeping Manager | 1 | Bachelor in Hospital Management/ Equivalent |
| 19 | Blood Bank Technician | 1 | Bachelor BBA/BBS |
| 20 | MEP Engineer | 1 | Bachelor in MEP |
| 21 | Marketing Manager/ Business Devlopment | 1 | Bachelor BBA/BBS |
| 22 | Internal Auditer Officer | 1 | Bachelor BBA/BBS |
| Total Bachelor's Positions | | 89 | |
| Diploma Level(Age below 35 years) | | | |
| SN | Position | No. of Vacancy | Qualification |
| 1 | Nurse | 160 | PCL Nursing/Equivalent |
| 2 | Health Assistant | 20 | HA / Equivalent |
| 3 | CSSD Technician | 3 | Diploma/Equivalent |
| 4 | ECG Technician | 2 | Diploma/Equivalent |
| 5 | ECHO Technician | 2 | Diploma/Equivalent |
| 6 | OT Technician | 6 | Diploma/Equivalent |
| 7 | MRI Technician | 2 | Diploma/Equivalent |
| 8 | Cathlab Technician | 2 | Diploma/Equivalent |
| 9 | Pharmacy Assistant | 16 | Diploma/Equivalent |
| 10 | Lab Technician | 9 | Diploma/Equivalent |
| 11 | Radiographer | 5 | Diploma/Equivalent |
| 12 | Biomedical Technician | 1 | Diploma/Equivalent |
| 13 | Ct Scan Technician | 2 | Diploma/Equivalent |
| 14 | Procurement Assistant | 1 | Diploma/Equivalent |
| 15 | MEP Assistant | 1 | Diploma/Equivalent |
| Total Diploma Positions | | 232 | |
| CTEVT / Equivalent | | | |
| SN | Position | No. of Vacancy | Qualification |
| 1 | Physiotherapist Technician | 1 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 2 | Physiotherapist Assistant | 3 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 3 | Anesthetic Assistant | 6 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 4 | Ophthalmic Assistant | 3 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 5 | Dental Hygenist | 2 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 6 | Dental Assistant | 2 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 7 | Assistant Dietician | 2 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 8 | Lab Assistant | 8 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 9 | Electrician | 1 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 10 | Plumber | 1 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 11 | A/C Technician | 1 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 12 | Dental Assistant | 2 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 14 | Electrician | 1 | CTEVT Pass/ Equivalent (Age below 35 years) |
| 16 | House Keeping Supervisor | 3 | +2 Pass (Age below 35 years) |
| 18 | House Keeping Staff | 100 | SLC/SEE Pass (Age below 35 years) |
| 20 | Laundry Staff | 10 | SLC/SEE Pass (Age below 35 years) |
| 22 | Laundry Assistant | 1 | +2 Pass (Age below 35 years) |
| 24 | Marketing Assistant | 2 | +2 Pass (Age below 35 years) |
| 26 | Security Commandor | 2 | Ex Army or Police |
| 28 | Security Guard | 32 | Ex Army or Police |
| 30 | Driver | 7 | 8th Pass |
| Total CTEVT Positions | | 190 | |

इच्छुक उम्मेदवारहरुले आफ्नो CV निवेदन, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, नागरीकताको प्रमाणपत्रको प्रतीलिपिहरु का साथै सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र hr@advanceinternationalhospital.com इमेलमा पठाउनुहुन अनुरोध गरीन्छ । माथि उल्लेखित पदहरुको सेवा सुविधा हस्पिटलको नियमाअनुसार हुनेछ । साथै अनुभवीलाई ग्राहेता दिईनेछ । थप जानकारीको लागी ०७१–५९०६२५ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ । दरखास्त स्वीकृत भएका उम्मेदवारहरुलाई अर्न्तवार्ताका लागी बोलाईनेछ । म्यादभित्र दाखिला नभएको वा रित नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन ।

**HR. Derpartment**

**Advance International Hospital Pvt.Ltd**

**Siddharthanagar-08, Anchalpur Rupandehi 071- 590625**



**फर्सीको व्यापार:**
घोराही उप-महानगरपालिका -६ कर्जाहीका स्थानीय बाबुराम चौधरीले खेतमा फलाएका फर्सी बिक्रीका लागि बजार लैजाने तयारी गर्दै । तस्विर : रञ्जिता अधिकारी/रासस

# सुनवल नगरपालिकाको विकास बजेट गाउँपालिकाभन्दा कम




**गौरीशंकर जयसवाल**
*परासी*

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नवलपरासीका सात स्थानीय तहलाई तीन अर्ब १२ करोड १९ लाख अनुदान दिएको छ । उक्त अनुदानमध्ये संघीय सरकारले पठाउने अनुदान रकममध्ये सुनवल नगरपालिकाले गाउँपालिकाभन्दा कम बजेट पाएको छ ।

अर्थ मन्त्रालयले अन्तर सरकारी वित्तीय हस्तान्तरणअन्तरगत प्रदेश र स्थानीय सरकारलाई दिने अनुदान बाँडफाँटमा उक्त रकम विनियोजन गरिएको छ । समानीकरण, सर्शत, विशेष र समपुरक अनुदानमा आएको रकममध्ये सबैभन्दा बढी रामग्राम नगरपालिकाले ७० करोड ४१ लाख पाएको छ । जसमा पुँजीगततर्फ २६ करोड ४८ लाख र चालुतर्फ ४३ करोड ९३ लाख रहेको छ । रामग्राममा एडीबीको सहयोगमा निर्माण भइरहेको पोखरापाली-पन्डितपुर सडकमा विनियोजन भएको रकमले सबैभन्दा बढी रकम देखिएको हो ।

रामग्रामले २४ करोड ४९ लाख बजेट शर्सत अनुदानको पुँजीगत(विकास योजना) प्रकृतिको योजनामा रकम पाएको हो । त्यस्तै सुनवल नगरपालिकाले गाउँपालिकाभन्दा पनि कम रकम पाएको छ । प्रतापपुर गाउँपालिकाको भन्दा झन्डै एक करोड कम बजेट सुनवलका लागि विनियोजन भएको छ । सुनवलले ४४ करोड ८३ लाख बजेट पाएको छ । जसमा चालुतर्फ ४३ करोड २७ लाख र पुँजीगततर्फ एक करोड २७ लाख मात्र रहेको छ । प्रतापपुरले ४५ करोड ७३ लाख बजेट पाएको छ । जसमा ३८ करोड ७६ लाख चालुतर्फ र छ करोड ९७ लाख पुँजीगततर्फ रहेको छ ।

त्यस्तै सरावल गाउँपालिकाले ३४ करोड ३० लाख पाएको छ । जसमा चालुतर्फ ३२ लाख ८८ हजार र पुँजीगततर्फ एक करोड ४२ लाख रहेको छ । पाल्हीनन्दन गाउँपालिकाले पाएको ३४ करोड ८ लाखमा चालुतर्फ ३० करोड २ लाख र पुँजीगततर्फ ४ करोड ६ लाख रहेको छ । भूगोलको हिसाबले सानो रहेको सुस्ता गाउँपालिकाले २९ करोड १४ लाख पाएको छ । जसमा चालुतर्फ २७ करोड ५८ लाख र पुँजीगततर्फ एक करोड ५६ लाख रहेको छ । यो रकमसहित आन्तरिक आम्दानीको आधारमा रही स्थानीय तहले आगामी वर्षको बजेट बनाउने छन् ।

# मालारानीमा कृषकलाई बाख्रा वितरण



अर्घाखाँची । मालारानी गाउँपालिकामा आयआर्जन वृद्धि गर्न कृषकलाई बाख्रा वितरण गरिएको छ ।

'भोकलाई एक छाक भोजन होइन जिउने जुक्ति सिकाउँ' भन्ने मूल नाराका साथ मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाअन्तर्गत आर्थिक समृद्धिका लागि वडा नं. ६ मा पहिलो र दोस्रो परियोजनामा गठन भएका मूल तथा उपहार समूहमा उपहार कोषको रकमबाट ११ वटा बाख्रा उपहार प्रदान गरिएको हो ।

गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामीण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपालको सहजीकरणमा गाउँपालिकामा सञ्चालन भएको मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाअन्तर्गत बाख्रा वितरण गरिएको गाउँपालिकाका उपाध्यक्ष दीपा पोखेलले बताइन् ।

निम्न आयस्रोत भएका किसानको आयआर्जन वृद्धि गर्न मालारानीमा सञ्चालन भएको यो कार्यक्रम प्रभावकारी भएको उपाध्यक्ष पोखेलको भनाइ छ । गाउँपालिकाका उपाध्यक्ष पोखेल, वडाध्यक्ष नारायणप्रसाद अर्याललगायतको उपस्थितिमा बाख्रा वितरण कार्यक्रम सम्पन्न गरिएको मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाका परियोजना संयोजक दिनेश बेल्वासेले बताए ।

विभिन्न वडामा यस परियोजनाअन्तर्गत बाख्रा उपहार कार्यक्रम गरिँदै आएको मालारानी कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाका लेखापाल अर्जुन खनालले जानकारी दिए । निम्न आयस्रोत भएका किसान लक्षित कार्यक्रम हेफर प्रोजेक्ट नेपालको सहयोग मालारानीमा सञ्चालित छ ।

# आजदेखि हल्का वर्षाको सम्भावना, तापक्रम पनि घट्ने



बुटवल । जल तथा मौसम विज्ञान विभागले आज बुधबारदेखि हल्का वर्षाको सम्भावना रहेकाले तापक्रम पनि घट्ने जनाएको छ । केही समययता वर्षा हुन नसक्दा उपत्यका, तराई–मधेसलगायत अधिकांश स्थानमा तापक्रम पनि बढेको माहाशाखाले जानकारी दिएको छ ।

महाशाखाका मौसमविद् प्रतिमा मानन्धरले हाल देशको पश्चिम र मध्य भू-भागमा पश्चिमी वायु तथा स्थानीय वायुको प्रभाव रहेको तथा कोशी प्रदेशका अधिकांश भू-भागमा मनसुनी वायुको प्रभाव रहेको जानकारी दिइन् । "मनसुनी हावा सक्रिय हुन नसकेका कारण नेपालको पूर्वी क्षेत्रमा भित्रिएको मनसुन देशभर फैलिन समय लागिरहेको छ । हाल वर्षा नहुँदा गर्मी पनि बढेको छ, तर मंगलबार कोशी, बागमती तथा लुम्बिनी प्रदेशका केही जिल्लामा हल्का वर्षा भइरहेको छ", उनले भनिन्-"बुधबारदेखि भने उपत्यकालगायतका विभिन्न स्थानमा वर्षाको सम्भावना छ । बादल पनि लाग्ने हुँदा बुधबारदेखि विस्तारै तापक्रम घट्ने छ ।"

मानन्धरका अनुसार मंगलबार काठमाडौँ उपत्यकाको अधिकतम तापक्रम ३० डिग्री सेल्सियससम्म पुगेको छ भने भैरहवा, धनगढी र नेपालगञ्जको अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुगेको छ । यसैगरी, दिपायलको अधिकतम तापक्रम ३९ डिग्री सेल्सियससम्म पुगेको छ । सिमरा, जनकपुर, बिराटनगरको अधिकतम तापक्रम भने ३८ डिग्री सेल्सियससम्म पुगेको छ ।

महाशाखाले बुधबार बिहानसम्मको मौसम पूर्वानुमान गर्दै कोशी, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थान तथा बाँकी प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना र देशका उच्च-पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेकाले जनजीवन, कृषि, स्वास्थ्य, सडक तथा हवाई यातायातमा प्रभाव पर्न जनाएको छ । यसैले सम्भावित जोखिम तथा असरबाट बच्न आवश्यक तयारी र सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ ।


**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
## पूर्वाधार विकास कार्यालय, नवलपरासी (ब.सु.पू)
**गण्डकी प्रदेश,नवलपरासी (ब.सु.पू)**

## आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना ।

सूचना प्रकाशित मितिः २०८२/०२/२८

यस कार्यालय नवलपरासी(ब.सु.पू) वाट मिति २०८१।०१।२६ को लागि राष्ट्रिय दैनिक तथा https://bolpatra.gov.np/egp/मार्फत सुचना प्रकाशन गरी तपसीलको ठेक्काहरुको बोलपत्रहरु आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरुको बोलपत्र मुल्याङ्कन समितिले तपसिलका तपसील वमोजिमको ठेक्कामा तपसील वमोजिमका वोलपत्रहरु प्राविधिक प्रस्तावमा सारभुत रुपमा प्रभावग्राही देखीएकोले सार्वजनिक खरीद नियमावली २०६४ को नियमा ३१ ज को उपनियमा ५ बमोजिम तपसील बमोजिमको मिति, स्थान र समयमा आर्थीक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

| सि.न | कार्यको विवरण | प्राविधिक प्रस्तावमा वोलपत्रदाताहरुको नाम |
|---|---|---|
| 1 | Dhambeshi maitar dekhi okhlekotdhar sadak starunnati, Bulingtar 1 Contract Identification No.: IDO-NAW(BSE) -W-NCB-60-2081/82 | M/S Dhananjay Engineering Pvt. Ltd., Kathmandu |
| | | M/S Pathak Construction and Suppliers Pvt. Ltd, Chitwan |
| | | M/S Jay deuraliNirmanSewa, Rupandehi |
| | | M/S H.K.M Construction , Hetauda |
| | | M/S AajiwanNirmanSewa,Dhading |
| | | M/S Ananda-Anjana JV, Chitwan |
| | | M/S Argeja Construction Company Pvt. Ltd, Baglung |
| | | M/S P.K. NirmanSewa, Chitwan |
| | | M/S SaurabNirmanSewa, Chitwan |
| | | M/S DevchuliNirmanSewa, Bulingtar |

आर्थिक प्रस्ताव खोल्ने मिति समय र स्थानःमिति र समयः २०८२।०३।०४ स्थानःपूर्वाधार विकास कार्यालय, नवलपरासी(ब.सु.पू) दिउँसो १३:०० वजे



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नरिश्वर घिमिरेको नाति, झविलाल घिमिरेको छोरा लुम्बिनी प्रदेश, गुल्मी जिल्ला,छत्रकोट गाँउपालिका वडा नं. ०६ बस्ने कृष्ण प्रसाद घिमिरेले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३६९८ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०७/२५ मा निज खातावाला कृष्ण प्रसाद घिमिरेको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने रामकुमारी घिमिरेले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक कृष्ण प्रसाद घिमिरेको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्याद भित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर :- ०७९–५२१०२९**
**फ्याक्स :- ०७९–५२११९४**
NEPAL SBI BANK LTD.



## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

## आइडिया डिजाइनर्स/अफसेट प्रेस

**सम्पर्क:**
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com